# Radhi Bidyut Company Limited

Bluestar Complex, Tripureshwor-11, Kathmandu
Phone : 01-5332750
Email : info@radhibidyut.com.np


## UNAUDITED FINANCIAL STATEMENTS

### FIRST QUARTER ENDED (FISCAL YEAR 2080/81) AS AT ASHWIN END, 2080 ( October 17, 2023)

*Figures in NPR*

| Statement of Financial Position | This Year Quarter Ending Ashwin End, 2080 | Last Year Quarter Ending Ashadh End, 2080 | Corresponding Previous Year Quarter Ending Ashwin End, 2079 |
|---|---|---|---|
| **Assets** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant & Equipment | 436,010,385 | 440,896,187 | 455,482,553 |
| **Financial Assets** | | | |
| Investment in Subsidiary | 31,143,800 | 31,143,800 | 31,143,800 |
| Investment In Associates | 128,484,940 | 133,481,789 | 133,305,369 |
| Other Equity Investments | 261,775,850 | 286,236,594 | 279,565,482 |
| Other Non Current Assets | 733,323,137 | 16,664,553 | 15,334,086 |
| Deferred Tax | 6,580,140 | - | - |
| **Total Non-Current Assets** | **1,597,318,251** | **908,422,923** | **914,831,290** |
| **Current Assets** | | | |
| Inventories | 15,401,800 | 15,323,724 | 14,609,391 |
| **Financial Assets** | | | |
| Trade Receivables | 59,393,195 | 73,292,050 | 93,398,159 |
| Cash and Cash Equivalents | 46,928,800 | 23,494,008 | 15,382,361 |
| Term Deposit | 410,825,300 | 1,159,495,300 | 40,300,000 |
| Other Current Assets | 52,928,019 | 15,917,487 | 9,661,157 |
| Current Tax Assets (Net) | 185,246 | 3,846,889 | - |
| **Total Current Assets** | **585,662,360** | **1,291,369,457** | **173,351,068** |
| **Assets Held For Sale** | | | |
| **Total Assets** | **2,182,980,612** | **2,199,792,380** | **1,088,182,358** |
| **Equity & Liabilities** | | | |
| **Equity** | | | |
| Equity Share Capital | 1,675,979,806 | 1,675,979,806 | 646,404,623 |
| Other Equity | 356,367,045 | 344,319,758 | 182,630,330 |
| **Total Equity** | **2,032,346,852** | **2,020,299,565** | **829,034,953** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| Financial Liabilities | | | |
| Borrowings | 84,763,369 | 97,392,952 | 135,363,702 |
| Other Financial Liabilities | 1,161,263 | 1,161,263 | 1,161,263 |
| Provisions | 1,317,654 | 1,317,654 | 1,317,654 |
| Deferred Tax | - | 771,632 | 15,763,134 |
| **Total Non-Current Liabilities** | **87,242,286** | **100,643,501** | **153,605,753** |
| **Current Liabilities** | | | |
| Financial Liabilities | - | - | - |
| Borrowings | 50,652,904 | 50,745,882 | 50,890,155 |
| Trade Payables | 598,942 | 1,526,604 | 2,038,007 |
| Other Financial Liabilities | 3,930,898 | 4,345,584 | 3,748,085 |
| Current Tax Liabilities (Net) | - | - | 526,809 |
| Provisions | 3,238,702 | 3,001,458 | 1,274,943 |
| Other Liabilities | 4,970,027 | 19,229,786 | 47,063,652 |
| **Total Current Liabilities** | **63,391,474** | **78,849,314** | **105,541,653** |
| **Total Liabilities** | **150,633,760** | **179,492,815** | **259,147,405** |
| **Total Equity & Liabilities** | **2,182,980,612** | **2,199,792,380** | **1,088,182,358** |

| Statement of Profit or Loss and other Comprehensive Income | This Year Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|
| Revenue | 31,767,881 | 128,464,639 | 40,092,624 |
| **Cost of Sales** | | | |
| Generation Expenses | 5,566,738 | 19,469,202 | 4,659,521 |
| **Gross profit** | **26,201,143** | **108,995,437** | **35,433,102** |
| Depreciation | 4,885,802 | 19,590,627 | 4,895,854 |
| Other Income | 707,965 | 8,424,369 | 1,062,047 |
| Administrative & Other Operating Expenses | 4,426,541 | 21,312,320 | 6,582,164 |
| Gain/(Loss) on Sale of Non Current Assets Held for Sale | - | - | - |
| **Profit from Operation** | **17,596,765** | **76,516,859** | **25,017,132** |
| Finance Income | 28,156,442 | 77,110,054 | 1,046,063 |
| Finance Costs | 5,976,454 | 14,253,151 | 3,201,355 |
| **Profit Before Tax** | **39,776,752** | **139,373,762** | **22,861,840** |
| **Income Tax Expenses** | | | |
| Income Tax Provision | 7,186,207 | 26,530,538 | 2,275,640 |
| Deferred Tax Credit/Charge | 12,627 | 85,380 | 21,087 |
| **Profit for the year** | **32,577,919** | **112,757,844** | **20,565,112** |
| Other Comprehensive Gain/(Loss) for The Year, Net of Tax | (21,405,392) | 11,299,819 | (32,445,439) |
| Total Comprehensive Gain/(Loss) for The Year, Net of Tax | 11,172,527 | 124,057,663 | (11,880,326) |

* Previous Year's Figures have been regrouped whenever necessary.
* We have changed reporting format from functional to nature to align quarterly reporting with Nepal Financial Reporting Standards (NFRS).

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.व. २०८०/८१ को पहिलो त्रैमासिक विवरण

**१. वित्तीय विवरण**

क) आ.व. २०८०/८१ को पहिलो त्रैमासिक विवरण व्यवस्थापन द्वारा तयार गरिएको अपरिस्कृत वित्तिय विवरण (वित्तिय अवस्थाको विवरण तथा आय विवरण) यसै प्रतिवेदनको साथमा प्रकाशन गरिएको छ । त्यस्तै २०८० आश्विन मसान्त सम्म रु ५,९३,९३,१९५.०० (अक्षरमा: पाँच करोड त्रियानब्बे लाख त्रियानब्बे हजार एक सय पन्चानब्बे रूपैंया मात्र) सुचिकृत दर (Posted Rate) सहित कुल आसामी बापत रहेको छ ।

ख) उक्त वासलातको आधारमा कम्पनीको प्रमुख वित्तीय अनुपात निम्न अनुसार छ ।

| अवधी | बार्षिकीकरण गरिएको प्रतिशेयर आम्दानी (रू.) | प्रतिशेयर कुल सम्पत्तीको मूल्य (रू.) | तरलता अनुपात | मूल्य आम्दानी अनुपात (रू.) | प्रतिशेयर नेटवर्थ (रू.) |
|---|---|---|---|---|---|
| यस त्रैमासिक अन्त्यसम्ममा | ७.७८ | १३०.२५ | ९.२४ | २७.१४ | १२१.२६ |

**२. व्यवस्थापकीय विश्लेषण :**

क) नेपाल विद्युत प्राधिकरणको ३३ के.भी. प्रसारण लाइनमा बारम्बार आइराख्ने समस्याका कारण प्रत्यक्ष असर विद्युत उत्पादनमा परेको छ ।

ख) गत असार २०८० मा अप्रत्यासित रुपमा भएको अविरल वर्षाको कारणले राधी खोला लगायत अन्य साना खोलाहरुमा आएको बाढी र पहिरोको कारण राधी साना जलविद्युत आयोजनाको Headworks र Headrace Pipe मा क्षति पुग्न गएको साथै काबु बाहिरको परिस्थिती सृजनाको कारण राधी साना जलविद्युतको उत्पादन असार २२, २०८० बाट बन्द रहेको छ र उक्त क्षतिको बारे इन्स्योरेन्स कम्पनीलाई जानकारी गराई सकेको छ। आश्विन २०८० को पहिलो हप्ता सम्ममानै अविरल रुपमा वर्षा भईरहेकोले Topographical survey लगायतका कार्यहरु सम्पन्न हुन नसक्दा डिजाईनमा ढिलो भएको थियो, हाल डिजाईनको कार्य अन्तिम चरणमा रहेको छ । निर्माण सामग्रीहरु र नयाँ पाईप आयोजना स्थलमा दुवानी भईरहेको छ। डिजाईन प्राप्त हुनसाथ मर्मत सम्भार कार्य सुचारु गरिने छ। साथै कम्पनीले इन्स्योरेन्स कम्पनीलाई दाबी गर्नुपर्ने Loss of Profit वापतको रकमलाई इन्स्योरेन्स contract को clause अनुसार provision गरि प्रत्यक्ष आम्दानीमा देखाईएको छ र उक्त रकमको settlement गर्ने बखत घटबढ हुन सक्ने छ ।

ग) यस कम्पनीको लगानी रहेको आयोजनाहरु क्रमश: युनिभर्सल पावर कम्पनी लिमिटेडबाट प्रर्वधित तल्लो खारे खोला जलविद्युत आयोजना-११ मेगावाट, दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडबाट प्रर्वधित दोर्दी १ जलविद्युत आयोजना-१२ मेगावाट र राप्ती हाइड्रो एण्ड जनरल कन्सट्रक्सन लिमिटेडबाट प्रर्वधित रुकुम गाड जलविद्युत आयोजना- ५ मेगावाटको निमार्ण सम्पन्न भई विद्युतको व्यापारिक उत्पादन गर्दै ने.वि.प्रा लाई बिक्री गर्दै आई रहेको छ ।

घ) यस कम्पनीले कसुवा खोला हाइड्रो पावर लिमिटेडमा शेयर लगानीको लागी हकप्रद जारी गरी प्राप्त रकम सो कम्पनीको माग बमोजिमको रकम पेश्की वापत उपलब्ध गराइएको छ र बाँकि रकम मुद्धती निक्षेपमा अल्पकालको लागी लगानी गरीएको छ ।

ङ) जलविद्युतको व्यापारिक उत्पादन सुरु गरेको मितिले पहिलो सात वर्षसम्म पूरै आयकर छुट पाउनेछ र त्यस पछिको तीन वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउने व्यवस्था अनुसार यस कम्पनीको विद्युत बिक्री आम्दानीमा आयकर छूट अवधि सात वर्ष पुरा भई सकेको जानकारी गराउन चाहन्छु । २०७८ अपाढबाट तीन वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउने व्यवस्था अनुसार यस कम्पनीको आम्दानीमा सो सरह आयकर तिरिएकाले यसको असर आयमा परेको देखिन्छ ।

**३. कानूनी कारबाही सम्बन्धी विवरण :**

यस त्रैमासिकमा कम्पनीले कसै बिरुद्ध र कसैले कम्पनी विरुद्ध साथै संस्थापक र संञ्चालक बिरुद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

**४. कम्पनीको शेयर कारोवार सम्बन्धि विवरण:**

धितोपत्र बजारमा कम्पनीको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा कम्पनीको शेयरको अधिकतम, न्यूनतम, अन्तिम, मूल्य, कारोबार भएको कुल दिन नेपाल स्टक एक्सचेन्ज लि. को वेबसाइट अनुसार :

| अधिकतम मूल्य (रु.) | न्यूनतम मूल्य (रु.) | अन्तिम मूल्य (रु.) | कारोबार दिन | कुल कारोबार संख्या |
|---|---|---|---|---|
| २४५.०० | २००.६० | २११.०० | ६१ | ८,४७२ |

**५. समस्या र चुनौती :**

कम्पनीले वहन गर्नु परेको समस्या तथा चुनौतीहरु बजारमा रहेको यस्तै प्रकृतिको अन्य कम्पनी सरह नै छन्। अन्य समस्या र चुनौती समाधानका उपायहरु बारेमा सञ्चालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ।

**६. संस्थागत सुशासन :**

संस्थागत सुशासनका लागि व्यवस्थापनले कर्मचारी नियमावली, आर्थिक बिनियमावली बमोजिम कार्यसम्पादन गरिरहेको छ। आन्तरिक लेखा परिक्षणको व्यवस्था गरिएको छ । लेखापरीक्षण समिती र जोखिम व्यवस्थापन समिती गठन गरि समितीहरुले समय समयमा दिएको निर्देशन बमोजिम काम कारवाही गरेको जानकारी गराउन चाहन्छु। संस्थागत विकाश तथा कर्मचारीको वृत्ति विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरुको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

**७. सत्य, तथ्य सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु, कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरु सू-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएको छैन ।